# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) राप्ती उपत्यका (देउखुरी), नेपाल जेठ १८ गते, २०८३ साल (अतिरिक्ताङ्क ३

## भाग १

## लुम्बिनी प्रदेश सरकार

## प्रदेश प्रमुखको कार्यालयको

## सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८३ सालको ऐन नं. ०३

**दलित समुदायको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावनाः** दलितको मानव अधिकार र सामाजिक न्याय सुनिश्चित गर्न, समानुपातिक समावेशी प्रतिनिधित्व, आर्थिक स्रोत, साधन र अवसरमा समन्यायिक पहुँच स्थापना गर्न र जातीय छुवाछूत तथा भेदभावको अन्त्य गरी सामाजिक, राजनीतिक र आर्थिक अधिकारको संरक्षण, प्रवर्धन र सशक्तीकरण गर्दै दलितको सर्वाङ्गीण विकास गर्न आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "दलित अधिकार ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"आयोग"** भन्नाले राष्ट्रिय दलित आयोग सम्झनु पर्छ।

(ख) **"आवास"** भन्नाले उपभोग्य तथा सरकारी मापदण्ड पुगेको भवन सम्झनु पर्छ।

(ग) **"उपाध्यक्ष"** भन्नाले दलित अधिकार विकास समितिको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) **"जातिय भेदभाव तथा छुवाछूत"** भन्नाले संविधानको धारा २४ र जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को दफा ४ बमोजिमको कार्य सम्झनु पर्छ।

(ङ) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्छ।

(च) **"दलित"** भन्नाले राष्ट्रिय दलित आयोगले सूचीकृत गरेका जातजाति सम्झनु पर्छ।

(छ) **"दलित अधिकार विकास समिति"** भन्नाले दफा १३ बमोजिमको समिति सम्झनु पर्छ।

(ज) **"परम्परागत मौलिक पेसा"** भन्नाले दलित समुदायले परम्परादेखि गर्दै आइरहेको विभिन्न पेसा, सीप, कला, ज्ञान, संस्कृति तथा प्रविधि सम्झनु पर्छ।

(झ) **"पहाडी दलित"** भन्नाले राष्ट्रिय दलित आयोगले सूचीकृत गरेका पहाडी दलित जातजाति सम्झनु पर्छ।

(ञ) **"मधेशी दलित"** भन्नाले राष्ट्रिय दलित आयोगले सूचीकृत गरेका मधेशी दलित जातजाति सम्झनु पर्छ।

(ट) **"मन्त्रालय"** भन्नाले दलित सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ठ) **"विपन्न दलित"** भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निश्चित वार्षिक आयभन्दा कम आय भएको भनी तोकेको दलित समुदायको व्यक्ति वा परिवार सम्झनु पर्छ।

(ड) **"स्थानीय दलित विकास समिति"** भन्नाले दफा १५ बमोजिमको समिति सम्झनु पर्छ।

(ढ) **"सार्वजनिक स्थल"** भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, प्राचीन स्मारक, सार्वजनिक स्थल, पाटीपौवा, धारा इनार, कुवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक यातायातको साधन, अन्त्यस्टिस्थल, उद्यान, बगैंचा वा कुनै पनि किसिमको धार्मिक स्थल सम्झनु पर्छ र सो शब्दले सार्वजनिक रूपमा वस्तु वा सेवा बिक्री वितरण गर्ने अन्य कुनै स्थानलाई समेत जनाउँछ।

(ण) **"निजी स्थल"** भन्नाले कुनै पनि ब्यक्तिको घर, कोठा वा निजी स्थललाई बुझाउँछ।

(त) **"सार्वजनिक सेवा"** भन्नाले कुनै पनि सरकारी, निजी र गैरसरकारी निकायबाट सार्वजनिक रूपमा प्रयोग वा उपयोगका लागि प्रदान गरिने कुनै पनि सेवा र सुविधा सम्झनु पर्छ।

(थ) **"सार्वजनिक समारोह"** भन्नाले सार्वजनिक रूपमा आयोजना गरिएको जुनसुकै प्रकारको धार्मिक, सामाजिक वा सांस्कृतिक समारोह सम्झनु पर्छ र सो शब्दले सार्वजनिक रूपमा आयोजना गरिएको जन्म, विवाह, मृत्यु संस्कार लगायतका धार्मिक कार्यलाई समेत जनाउँछ।

(द) **"स्थानीय तह"** भन्नाले लुम्बिनी प्रदेश अन्तर्गत रहेका गाउँपालिका, नगरपालिका तथा उपमहानगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२

## दलितको अधिकार

३. **समानुपातिक समावेशी प्रतिनिधित्वको अधिकारः** (१) प्रदेश सरकार र प्रदेश सरकारले गठन गर्ने सम्पूर्ण संरचनामा संविधान र कानुन बमोजिम दलितको समानुपातिक समावेशी प्रतिनिधित्व गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दलितको प्रतिनिधित्वको सुनिश्चितता गर्दा दलित महिला, मधेसी दलित महिला, विपन्न दलित र सबै दलित समुदायको सन्तुलन मिलाइ समानुपातिक रुपमा वितरण गरिनेछ ।

४. **खाद्य सुरक्षाको अधिकारः** (१) दलित समुदायका प्रत्येक नागरिकलाई प्रचलित कानुन बमोजिम खाद्य सम्बन्धी अधिकार र खाद्य सुरक्षाको अधिकार हुनेछ।

(२) प्रदेश सरकारले विपन्न दलित समुदायका घर परिवारलाई खाद्य सहायता परिचयपत्रका आधारमा तोकिए बमोजिम सहुलियत दरमा खाद्य सामग्री उपलब्ध गराउनेछ।

(३) यस दफा बमोजिम खाद्य सहायता उपलब्ध गराउँदा दोहोरो नपर्ने गरी उपलब्ध गराउनु पर्नेछ।

५. **भूमि तथा आवास सम्बन्धी अधिकारः** (१) नेपाल सरकारद्वारा निर्धारित मापदण्डको आधारमा मन्त्रालयले भूमिहीन दलित समुदायको पहिचानको लागि तथ्याङ्क सङ्कलन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको तथ्याङ्कको आधारमा प्रदेश सरकारले नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा भूमिहीन दलितलाई भूमिमाथिको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्नेछ।

(३) नेपाल सरकार र स्थानीय तहसँगको आपसी समन्वयमा प्रदेश सरकारले आवासविहीन दलित समुदायको व्यक्ति वा परिवारलाई प्रचलित कानुन बमोजिम आवासको व्यवस्था मिलाउनेछ।

(४) उपदफा (३) बमोजिम दलित समुदायका लागि उपलब्ध गराइने आवासको न्यूनतम मापदण्ड तोकिए बमोजिम हुनेछ।

६. **शिक्षा सम्बन्धी अधिकारः** (१) प्रदेश सरकारले संविधानको व्यवस्था अनुसार लुम्बिनी प्रदेशका दलित समुदायका विद्यार्थीलाई अनिवार्य, निशुल्क र छात्रवृत्ति सहित शिक्षाको व्यवस्था गरिनेछ।

(२) आर्थिक रुपमा विपन्न दलित विद्यार्थिलाई उच्च शिक्षा अध्ययनको लागि तोकिएको मापदण्डको आधारमा छात्रावासको व्यवस्था गर्न सक्नेछ यसरी छात्रावासको व्यवस्था गर्दा दलित महिला, बादी, गन्धर्व, मधेशी दलित, पहाडी दलित, अपाङ्गता भएका तथा वञ्चितीकरणमा परेका दलित समुदायका विद्यार्थीलाई प्राथमिकता दिइनेछ।

(३) प्रदेशका सरकारी, निजी तथा समुदायस्तरबाट सञ्चालित विद्यालय र विश्वविद्यालयको छात्रावासमा दलित विद्यार्थीलाई कम्तिमा १८ प्रतिशत सिट सुनिश्चित गरिनेछ ।

(४) प्रदेशका प्राविधिक तथा व्यावसायिक उच्च शिक्षाका सबै विषयमा समावेश गरिने जम्मा सिट सङ्ख्यामध्ये दलित समुदायको विद्यार्थीका लागि जम्मा विद्यार्थी संख्याको कम्तीमा १५

प्रतिशत सिट दलित विद्यार्थीलाई छुट्याइनेछ र ती सिटमा दलित विद्यार्थीबीच आन्तरिक प्रतिस्पर्धाका आधारमा छनौट गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम छनौट गर्दा दलित समुदाय भित्रका महिला, मधेशी तथा विपन्न दलित, सीमान्तकृत तथा विपन्न विद्यार्थीलाई प्राथमिकता दिइनेछ ।

(६) प्रदेश तह र प्रदेश अन्तर्गतका स्थानीय तहले निर्माण गरिने पाठ्यक्रम तथा पाठ्य सामग्रीमा जातीय विभेद, छुवाछूत तथा भेदभावलाई मानवता विरुद्धको अपराधका रुपमा व्याख्या गर्ने र त्यस्ता विभेद अन्त्य गर्ने प्रकृतिका पाठ्यसामाग्री निर्माण गरी लागू गरिनेछ ।

(७) विद्यालयदेखि विश्वविद्यालय तहसम्मको शैक्षिक संस्थाको सञ्चालक समितिका पदाधिकारी, शिक्षक वा प्राध्यापक र कर्मचारी छनौट गर्दा प्रचलित कानुन बमोजिम दलित समुदायको अनिवार्य समानुपातिक प्रतिनिधित्व गराउनु पर्नेछ ।

७. **स्वास्थ्य सम्बन्धी अधिकारः** (१) दलित समुदायको व्यक्तिलाई जटिल तथा गम्भीर प्रकृतिको रोग लागेर उपचार गर्नु परेमा स्थानीय तहको सिफारिसमा प्रदेश सरकारले तोकिए बमोजिम निःशुल्क स्वास्थ्य उपचार सेवाको व्यवस्था मिलाउनेछ ।

(२) स्वास्थ्य सेवालाई थप प्रभावकारी र दिगो बनाउन प्रदेश सरकारले विपन्न दलित समुदायका परिवारका लागि निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्नेछ ।

(३) स्वास्थ्य बिमाका लागि लाग्ने आवश्यक प्रिमियम (बिमा शुल्क) प्रदेश सरकारले बेहोर्नेछ र यस्तो बिमामार्फत

सूचीकृत अस्पतालहरूबाट उपचार सेवा प्राप्त हुने व्यवस्था मिलाइनेछ ।

(४) स्वास्थ्य बिमा कार्यक्रम कुनै कारणवश स्थगित भएमा पनि दलित समुदायको व्यक्तिको हकमा स्वास्थ्य बिमा कार्यक्रम लागू हुनुपर्नेछ ।

८. **दलित समुदायको विकास अधिकारः** (१) प्रदेश सरकारले मानव विकास सूचकाङ्कको आधारमा दलित समुदायको लागि सन्तुलित विकासको लागि आवश्यक बजेटको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम दलित विशेष कार्यक्रमको विकास गरी बजेट कार्यान्वयनको व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-३

## परम्परागत मौलिक पेसाको संरक्षण

९. **परम्परागत मौलिक पेसाको पहिचानः** मन्त्रालयले दलित समुदायको परम्परागत मौलिक पेसाको तोकिए बमोजिम पहिचान तथा अभिलेखीकरण गर्नेछ।

१०. **परम्परागत मौलिक पेसाको विकासः** प्रदेश सरकारले व्यावसायिक सीप विकास तालिम प्रदान गर्ने संस्था तथा अन्य सरोकारवाला निकायसँगको समन्वय र दलितका परम्परागत मौलिक पेसाका जानकार व्यक्तिको सहभागितामा आवश्यक पाठ्यक्रम निर्माण गरी प्रविधि र सीप विकास तालिम मार्फत् परम्परागत मौलिक पेसाको विकास र सम्वर्धन गर्नेछ।

११. **परम्परागत मौलिक पेसाको आधुनिकीकरण र व्यावसायीकरणः** (१) दलित समुदायको परम्परागत मौलिक पेसाको विकास र

आधुनिकीकरणका लागि प्रदेश सरकारले पेसामा संलग्न हुन चाहने दलित समुदायका व्यक्ति, परिवार वा समूहलाई व्यवसायसँग सम्बन्धित प्रविधि, मेसिन, औजार, कच्चा पदार्थमा प्रचलित कानुन बमोजिम अनुदान, छुट तथा सहुलियत ऋणको व्यवस्था गर्न सक्नेछ।

(२) प्रदेश सरकार र स्थानीय तहले दलित समुदायको परम्परागत मौलिक सीपको निरन्तरता र व्यावसायिक योजनाका आधारमा त्यस्तो पेसा तथा व्यवसायको स्थापना र सञ्चालन गर्नका लागी अनुदान वा सहुलियत ऋण उपलब्ध गराउन सक्नेछ।

१२. **बौद्धिक सम्पत्तिको संरक्षणः** (१) प्रदेश सरकार तथा स्थानीय तहले दलित समुदायको परम्परागत मौलिक पेसालाई बौद्धिक सम्पत्ति सम्बन्धी प्रचलित सङ्घीय कानुनको अधीनमा रही संरक्षण गर्नु पर्नेछ।

(२) बौद्धिक सम्पत्तिको अधिकार र उपभोग सम्बन्धी अन्य व्यवस्था प्रचलित सङ्घीय कानुन बमोजिम हुनेछ।

## परिच्छेद-४

## दलित अधिकार विकास समिति र स्थानीय दलित विकास समिति

१३. **दलित अधिकार विकास समितिः** (१) दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, प्रशासनिक, साँस्कृतिक अवस्थाको स्तरोन्नति तथा जातीय विभेद, हिंसा, छुवाछूत तथा भेदभाव उन्मुलनका लागि आवश्यक बजेट, नीति, कार्यक्रम, योजना तर्जुमा तथा कार्यान्वयन गर्न प्रदेशमा एक दलित अधिकार विकास समिति गठन गरिनेछ।

(२) दलित अधिकार विकास समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, सामाजिक विकास मन्त्रालय -अध्यक्ष

(ख) दलित समुदायका व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले मनोनयन गरेको एक जना व्यक्ति -उपाध्यक्ष

(ग) प्रदेश सचिव (कानुन), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) प्रदेश सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय -सदस्य

(ङ) प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(च) प्रदेश प्रहरी प्रमुख -सदस्य

(छ) दलित अधिकारको क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्यानुभव हासिल गरेका दलित व्यक्तिहरू मध्येबाट

मन्त्रालयले छनोट गरेका कम्तीमा एक जना दलित अल्पसङ्ख्यक, एक जना मधेशी दलित र दुई जना दलित महिला सहित पाँच जना -सदस्य

(ज) कार्यकारी निर्देशक -सदस्य-सचिव

(३) दलित अधिकार विकास समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(४) दलित अधिकार विकास समितिको बैठकमा दलित समुदायबाट प्रतिनिधित्व गर्ने प्रदेश सभाका सदस्य, दलित अधिकारसँग सम्बन्धित विज्ञ तथा प्रदेश सरकारका पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

(५) दलित अधिकार विकास समितिको बैठक सम्बन्धी अन्य कार्यविधि यो समिति आफैले निधार्रण गरे बमोजिम हुनेछ।

१४. **दलित अधिकार विकास समितिको काम, कर्तव्य र अधिकारः** दलित अधिकार विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निजी तथा सार्वजनिक स्थल, सार्वजनिक सेवाप्रदायक निकाय, सार्वजनिक समारोह जस्ता क्षेत्रमा जातका आधारमा हुने विभेदको अन्त्यका लागि आवश्यक नीति, योजना र कार्यक्रम निर्माण गरी स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेस गर्ने,

(ख) संविधान र कानुनले प्रत्याभूत गरेको दलित अधिकार सम्बन्धी प्रावधानको कार्यान्वयन गराउन सबै मन्त्रालय र सार्वजनिक निकायसँग समन्वयको व्यवस्था मिलाउने,

(ग) जातका आधारमा हुने विभेद, हिंसा, छुवाछूत तथा भेदभाव अन्त्यका लागि रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गर्ने,

(घ) जातका आधारमा निजी वा सार्वजनिक कुनै पनि स्थानमा हुने छुवाछूत तथा भेदभावको अन्त्यको लागि विशेष जागरण अभियान सञ्चालन गर्न र जातका आधारमा हुने विभेद, हिंसा, छुवाछूत तथा भेदभाव विरुद्ध शून्य सहनशीलताको नीति निर्माण गरी कार्यान्वयन गर्न निर्देशन दिने,

(ङ) छुवाछूत तथा भेदभाव विरुद्धको हक र दलितको हकको कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्ने र कार्यान्वयनका लागि प्रदेश सरकारका सम्पूर्ण संयन्त्रलाई जिम्मेवार र जवाफदेही बनाउन सहजीकरण गर्ने,

(च) प्रदेशका दलित समुदायको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक क्षेत्रमा विकासको कार्ययोजना बनाई प्रदेश सरकार र स्थानीय सरकारसँगको समन्वयमा कार्यान्वयन गर्ने।

१५. **स्थानीय दलित विकास समितिः** (१) जातीय विभेद, हिंसा, छुवाछूत तथा भेदभाव अन्त्यका लागि लुम्बिनी प्रदेश अन्तर्गत रहेका सबै स्थानीय तहमा एक दलित विकास समिति गठन गरिनेछ।

(२) स्थानीय दलित विकास समिति को गठन देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| (क) | स्थानीय तहका उपप्रमुख वा उपाध्यक्ष | -अध्यक्ष |
| (ख) | नगर वा गाउँ कार्यपालिकाको दलित समुदायका कार्यपालिका सदस्यहरू | -सदस्य |
| (ग) | स्थानीय तह स्थित नेपाल प्रहरी कार्यालय प्रमुख | -सदस्य |
| (घ) | दलित अधिकारको क्षेत्रमा क्रियाशील दलित व्याक्तिमध्ये गाउँ वा नगर कार्यपालिकाले मनोनित गरेको एक जना | -सदस्य |
| (ङ) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (च) | सम्बन्धित विषय हेर्ने महाशाखा/शाखा प्रमुख | -सदस्य-सचिव |

(३) स्थानीय दलित विकास समिति को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) स्थानीय दलित विकास समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१६. **स्थानीय दलित विकास समितिको काम, कर्तव्य र अधिकारः** स्थानीय दलित विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निजी वा सार्वजनिक कुनै पनि स्थलमा जातका आधारमा हुने विभेद, हिंसा, छुवाछूत र भेदभावको अन्त्यका लागि स्थानीय तहमा आवश्यक नीतिगत व्यवस्था गर्न समन्वय र सहजीकरण गर्ने,

(ख) स्थानीय तहभित्र जातका आधारमा हुने विभेद, हिंसा, छुवाछूत र भेदभावजन्य व्यवहारको अन्त्यका लागि कार्यान्वयन अवस्थाको प्रभावकारी अनुगमन गरी कानुन बमोजिम कार्यान्वयन गर्न सम्बन्धित स्थानीय तहलाई सिफारिस गर्ने,

(ग) जातीय विभेद, छुवाछूत र भेदभाव अन्त्यको लागि आवश्यक रणनीति निर्माण तथा कार्यान्वयनका लागि स्थानीय तहलाई सिफारिस गर्ने,

(घ) सरकारी तथा सार्वजनिक कार्यालयका साथै निजी स्थललाई पनि जातीय विभेद र छुवाछूत तथा भेदभावजन्य व्यवहारको अन्त्यका लागि जिम्मेवार र जवाफदेही बनाउने,

(ङ) स्थानीय तहमा छुवाछूत तथा भेदभाव विरुद्ध शून्य सहनशीलताको नीति लागू गर्न सहजीकरण गर्ने,

(च) स्थानीय तहमा जातीय छुवाछूतजन्य घटनाको विवरण तयार गरी कसुर गरेको देखिएमा कानुनी कारवाहीका लागि प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायबाट सिफारिस गर्ने र पीडितलाई न्यायिक प्रक्रियामा आवश्यक सहजीकरण गर्ने,

(छ) जातीय विभेद, छुवाछूत तथा भेदभावबाट पीडित व्यक्तिलाई प्रचलित कानुन बमोजिम सुरक्षा एवं क्षतिपूर्तिका लागि समन्वय एवं सहजीकरण गर्ने,

(ज) दलित अधिकार विकास समितिबाट प्राप्त निर्देशन तथा सुझावको कार्यान्वयन र वार्षिक प्रतिवेदन दलित अधिकार विकास समिति समक्ष पेस गर्ने,

(झ) जातिय छुवाछूत विरुद्धको अपराध नियन्त्रणका लागि छुवाछूत विरुद्धको सूचना संकलन, अभिलेखीकरण र पीडितको न्यायका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ञ) दलित समुदायको शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक न्याय सम्बन्धी अधिकार कार्यान्वयन भए-नभएको अनुगमन गर्ने र स्थानीय सरकारसँगको समन्वयमा प्रभावकारी कार्यान्वयन गराउने ।

१७. **उपाध्यक्षको मनोनयन र योग्यताः** (१) उपाध्यक्षको पदमा मनोनयन हुनको लागि देहायको योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) लुम्बिनी प्रदेशमा स्थायी बसोबास रहेको,

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

(घ) दलित अधिकारको संरक्षण सम्वर्द्धन तथा विकासको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,

(ङ) पैंतिस वर्ष उमेर पूरा भई पैंसठ्ठी वर्ष ननाघेको,

(च) प्रचलित कानुन बमोजिम फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(छ) प्रचलित कानुनले अयोग्य नठहरिएको।

(२) उपदफा (१) बमोजिम उपाध्यक्षको मनोनयन गर्दा दलित समुदायबाट चक्रिय (Rotation) आधारमा एउटै समुदाय नदोहोरिने गरी गरिनेछ ।

१८. **उपाध्यक्ष र मनोनित सदस्यको पदावधि तथा सुविधाः**(१) उपाध्यक्ष र दफा १३ को उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनित सदस्यको पदावधि पाँच वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्ष र दफा १३ को उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनित सदस्यलाई मनोनित गर्ने निकायले निजको कार्यसम्पादनको मूल्याङ्कन गरी कमजोरी ठहर भएमा वा समितिको उद्देश्य विपरीत काम गरेको पाइएमा कमजोरी वा कसुरको अवस्था हेरी कानुन बमोजिम पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउँदा सफाइ पेस गर्ने मनासिव मौका दिनु पर्नेछ।

(३) देहायको अवस्थामा समितिको उपाध्यक्ष र दफा १३ को उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनित सदस्यको सदस्यता समाप्त भएको मानिनेछः-

(क) दफा १७ को उपदफा (१) बमोजिमको योग्यता नरहेमा,

(ख) निजले आफ्नो पदबाट राजिनामा दिएमा,

(ग) निजको मृत्यु भएमा,

(घ) दलित अधिकार विकास समितिलाई कारणसहितको सूचना नदिई लगातार तीन वटा बैठकमा अनुपस्थित भएमा,

(ङ) उपदफा (२) बमोजिम पदबाट हटाइएमा।

(४) दफा १३ को उपदफा (२) को खण्ड (ख) बमोजिमका मनोनित पदाधिकारीले तोकिए बमोजिमको सेवा सुविधा प्राप्त गर्नेछ।

(५) दफा १३ को उपदफा (२) को खण्ड (छ) बमोजिमका मनोनित सदस्यको सेवा सुविधा तोकिए बमोजिमको हुनेछ ।

१९. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** (१) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दलित अधिकार विकास समितिसँग सम्बन्धित काम समन्वयात्मक ढङ्गले सञ्चालन गर्ने/गराउने,

(ख) दलित अधिकार विकास समितिको नियमित बैठकको मिति, स्थान र छलफलको विषय स्वीकृत गर्ने/गराउने,

(ग) दलित अधिकार, विकास तथा सशक्तीकरण सम्बन्धी मस्यौदा तयार गरी दलित अधिकार विकास समितिमा पेस गर्ने,

(घ) स्थानीय दलित विकास समितिसँग समन्वय गरी दलित अधिकार विकास समितिको समग्र कार्यक्रम कार्यान्वयनमा नेतृत्वदायी भूमिका लिने,

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने/गराउने।

२०. **कार्यकारी निर्देशक सम्बन्धी व्यवस्थाः** (१) दलित अधिकार तथा विकास समितिमा एक जना पूर्णकालीन कार्यकारी निर्देशक रहनेछ। कार्यकारी निर्देशकको स्तर तोकिए बमोजिम रहनेछ।

(२) दफा (२२) बमोजिमको सिफारिस समितिको सिफारिसमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले समितिको कार्यकारी निर्देशक नियुक्त गर्नेछ।

(३) कार्यकारी निर्देशकको योग्यता देहाय बमोजिम हुनेछः-

(क) दलित समुदायभित्र पर्ने लुम्बिनी प्रदेशमा स्थायी बसोबास भएको नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ग) प्रशासन, विकास, व्यवस्थापन, कानुन, शिक्षा, विज्ञान वा प्राज्ञिक क्षेत्रको अलावा दलित अधिकार तथा उत्थानको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,

(घ) पैंतिस वर्ष उमेर पूरा भई पैंसठ्ठी वर्ष उमेर ननाघेको,

(ङ) प्रचलित कानुन बमोजिम सरकारी सेवाको लागि अयोग्य नरहेको।

२१. **कार्यकारी निर्देशकको कार्य सम्पादन, पदावधी र सेवा सुविधाः** (१) यस दफा बमोजिम नियुक्त हुने कार्यकारी निर्देशकको पदावधि पाँच वर्षको हुनेछ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशक नियुक्त हुँदा वा कामकाज गर्न तोकिदा निजले सचिवसँग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

(३) कार्यकारी निर्देशकको कार्यसम्पादन मूल्याङ्कन सचिवले गर्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक र अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

२२. कार्यकारी निर्देशकको नियुक्तिः (१) देहाय बमोजिमको सिफारिस समितिको सिफारिसमा प्रदेश सरकारले समितिको कार्यकारी निर्देशक नियुक्त गर्नेछः

(क) प्रमुख सचिव, प्रदेश सरकार -संयोजक

(ख) सचिव, प्रदेश लोकसेवा आयोग -सदस्य

(ग) अध्यक्षले तोके बमोजिम कम्तिमा एक जना दलित महिला सहित दुईजना विज्ञ -सदस्य

(घ) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि र मापदण्ड सिफारिस समिति आफैले तयार गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको मापदण्ड अनुसार खुला प्रतिस्पर्धाको लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचनाको म्यादभित्र आवेदन दिने उम्मेदवारहरू मध्येबाट खुला प्रतिस्पर्धाको आधारमा योग्यताक्रम अनुसार तीन जनाको नाम छनौट गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष सिफारिस गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सिफारिस भएका उम्मेदवारहरू मध्येबाट प्रदेश सरकार (मन्त्रिपरिषद्) ले कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(६) यस ऐन बमोजिम कार्यकारी निर्देशक नियुक्त गरिएको वा सो पदमा कामकाज गर्न तोकिएको व्यक्तिलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नियुक्ति पत्र प्रदान गर्नेछ ।

२३. **कार्यकारी निर्देशक पदमुक्त तथा निलम्बन हुने अवस्थाः** (१) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त भएको मानिनेछः-

(क) निजले प्रदेश सरकार समक्ष लिखित राजीनामा दिई स्वीकृत भएमा, वा

(ख) अवधि पूरा भएमा, वा

(ग) ६५ वर्ष पूरा भएमा, वा

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरेमा, वा

(ङ) निजको मृत्यु भएमा, वा

(२) कार्यक्षमताको अभाव भएमा, खराब आचरण गरेमा, ईमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेमा मन्त्रिपरिषद्द्वारा गठित छानबिन समितिको सिफारिसमा प्रमुख कार्यकारी निर्देशकलाई प्रदेश सरकारले पदमुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पदमुक्त गर्नु अगाडि सफाई पेस गर्ने उचित मौका दिनु पर्नेछ।

२४. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने गराउने,

(ख) समितिको दीर्घकालीन योजना र वार्षिक कार्यक्रम तथा बजेट समितिमा स्वीकृतिको लागि पेस गर्ने,

(ग) समितिको स्वीकृत दीर्घकालीन योजना र वार्षिक कार्यक्रमको कार्यान्वयन गर्ने,

(घ) प्रगति विवरणहरु समिति समक्ष प्रस्तुत गर्ने गराउने,

(ङ) समितिको समग्र कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने गराउने,

(च) राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थाहरुसँग अनुबन्धित कार्यक्रम तथा अन्य सहयोग सम्बन्धमा सम्बन्धित पक्षसँग आवश्यक छलफल गरी समितिमा स्वीकृतिका लागि पेस गर्ने गराउने,

(छ) समितिले तोकेको अन्य कार्यहरु गर्ने गराउने।

(२) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार समितिद्वारा तोकिए बमोजिम हुनेछ।

२५. **सचिवालय तथा जनशक्ति व्यवस्थापनः** (१) दलित अधिकार विकास समितिको छुट्टै कार्यालय रहनेछ र सबै काम कारवाही विकास समितिको कार्यालय मार्फत सञ्चालन हुनेछ।

(२) प्रदेश सरकारले दलित अधिकार विकास समितिको कार्यालयका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्नेछ।

## परिच्छेद-५

## विविध

२६. **तालिम सम्बन्धी व्यवस्था:** मन्त्रालयले दलित समुदायका व्यक्तिलाई सीप विकास र जीविकोपार्जनसँग सम्बन्धित सीपमूलक तथा व्यवसायमूलक तालिम प्रदान गर्ने गराउने व्यवस्था मिलाउनेछ।

२७. **बजेट सम्बन्धी व्यवस्था:** दलित अधिकारको प्रवर्द्धन र सामाजिक आर्थिक सशक्तीकरणको लागि प्रदेश सरकारले आवश्यक बजेट विनियोजन गर्नेछ।

२८. **दोहोरो सुविधा लिन नहुने:** यस ऐन बमोजिम उपलब्ध गराइने सेवा सुविधा दोहोरो पर्ने गरी कुनै पदाधिकारी तथा सदस्यलाई उपलब्ध गराइने छैन।

२९. **अनुगमन तथा सुपरीवेक्षण:** ऐनको उद्देश्य प्राप्तिका लागि कार्य सम्पादन भए नभएको विषयमा दलित अधिकार विकास समिति र स्थानीय दलित विकास समितिले नियमित अनुगमन र सुपरीवेक्षण गर्नेछन्।

३०. **प्रतिवेदन पेस गर्नु पर्ने:** (१) दलित अधिकार विकास समितिले आफ्नो वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्रदेश सरकारले प्रदेश सभामा पेस गर्नु पर्नेछ।

(३) यस दफा बमोजिमको प्रतिवेदनमा प्रदेश सभाले सम्बन्धित निकायलाई आवश्यक सल्लाह, सुझाव र निर्देशन दिन सक्नेछ।

३१. **निर्देशन दिन सक्ने:** कुनै प्रहरी कार्यालयले जातीय भेदभाव वा छुवाछूतको घटनाको जाहेरी दरखास्त दर्ता गर्न इन्कार वा अस्वीकार गर्ने, घटनालाई दबाउने वा अनुचित तरिकाले मिलाउने प्रयास गरेमा सम्बन्धित प्रहरी कार्यालयलाई दलित अधिकार विकास समितिले निर्देशन दिन सक्नेछ ।

३२. **नियम बनाउन सक्ने:** यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले नियम बनाउन सक्नेछ।

आज्ञाले,

सुशीला अर्याल
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मुद्रित।
मूल्य रु. १५।-